फेवा विकास बैंक लिमिटेड | **Fewa Bikas Bank Limited**

प्रधान कार्यालयः वि.पि. चोक, चिप्लेढुङ्गा, पोखरा
फोनः ०६१-५२८००१, फ्याक्सः ०६१-५२८००३
इमेलः info@fewabank.com.np वेभसाइटः www.fewabank.com.np

# शेयरधनी महानुभावहरुलाई भौतिक बोनस शेयर प्रमाणपत्र वितरण तथा कर बापतको रकम जम्मा गर्ने सम्बन्धी सूचना

मिति २०७१/०९/०८ गते पश्चात् शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले यस विकास बैंकको मिति २०७२/१२/३० गते सम्पन्न आठौं वार्षिक साधारण सभाबाट पारित २१.९० प्रतिशतका दरको बोनस शेयर बापत लाग्ने कर रकम जम्मा गर्नुपर्ने हुँदा यस बैंकको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं कार्यालयमा सम्पर्क राखि कर वापतको रकम जम्मा गरी आफ्नो बोनस शेयर प्राप्त गर्न हुन अनुरोध गरिन्छ ।

बोनशका लागि बुक क्लोज अघि शेयरहरुको अभौतिकिकरण गरिसकेका सम्पूर्ण शेयरधनी बाहेकका शेयरधनीहरुले कर वापतको रकम बुझाई आफ्नो बोनश शेयर प्रमाणपत्र लिनहुन अनुरोध गरिन्छ । साथै सो मितिसम्म अभौतिकिकरण गरिसकेका सम्पूर्ण शेयरधनी महानुभावहरुले (कर वापतको रकम जम्मा गर्नु नपर्ने शेयरधनीहरुको तथा कर वापतको रकम जम्मा गरिसकेका शेयरधनीहरुको खातामा) बोनस शेयर सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकृत भए पश्चात् जम्मा गरिने व्यहोरा जानकारी गराइन्छ । कर बापतको रकम बुझाउन बाँकी भएका शेयरधनी महानुभावहरुको बोनस शेयर डिम्याट खातामा जम्मा नहुने व्यहोरा समेत जानकारी गराउंदछौं ।

***नोटः*** बोनस शेयर बापत लाग्ने करको विवरण प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं स्थित कार्यालयबाट प्राप्त गर्न सक्नु हुनेछ ।

**बोनस शेयर प्रमाणपत्र बितरण हुने समयः**

- **आइतबार-बिहीबार** : १०:०० बजेदेखि ३:०० बजेसम्म
- **शुक्रबार** : १०:०० बजेदेखि १:३० बजेसम्म

**अन्य जानकारी**

१. बोनस शेयर प्रमाणपत्र लिन आउदा अनिवार्य रुपमा आफ्नो शेयर प्रमाण-पत्रको सक्कल प्रति वा सो को प्रतिलिपि र अन्य कुनै परिचय खुल्ने परिचय-पत्रको सक्कल प्रति सहित उपस्थित हुनु होला ।
२. आफै उपस्थित हुन असमर्थ शेयरधनीहरुले कुनै प्रतिनिधि मार्फत अख्तियारनामा दिई बोनस शेयर प्रमाणपत्र प्राप्त गर्न सक्नुहुनेछ । यसरी प्रतिनिधि मार्फत बोनस शेयर प्रमाणपत्र प्राप्त गर्न चाहने शेयरधनीहरुले आफ्नो शेयर प्रमाण-पत्रको सक्कलप्रति वा सो को प्रतिलिपिका साथै मन्जुरीनामा प्राप्त गर्ने व्यक्तिको कुनै आधिकारीक परिचय पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।
३. शेयर प्रमाण-पत्र धितोबन्धक राखेका शेयरधनीहरुको हकमा सरोकारवाला कम्पनीहरुबाट बोनस शेयर प्रमाण-पत्र रोक्का फुकुवा भएको स्वीकृति-पत्र अनिवार्य रुपमा पेश गर्नु भए पश्चात मात्र बोनस शेयर प्रमाण-पत्र बुझिलिन सक्नु हुनेछ ।

**शेयर रजिष्ट्रारः**

PRABHU CAPITAL
**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाण्डौं, नेपाल
फोन : ४२२२९८७, फ्याक्स : ४२२२८०२
Email: info@prabhucapital.com, Url:www.prabhucapital.com